२०७६ साल आषाढ महिनाको २८ गते शनिबारका दिन मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, प्रदेश नं.-२, जनकपुरधाममा बसेको ७।०७६ औं मन्त्रिपरिषद्को बैंठकमा पेश भएका कार्यसूचीका अतिरिक्त मा.मुख्यमन्त्रीज्यू र मा.मन्त्रीज्यूहरुले राख्नु भएको देहाय बमोजिमका ठाडो प्रस्तावका सम्बन्धमा देहाय बमोजिमको निर्णय गरियो ।

१. मिति २०७६।०३।२६ गते रातीदेखी परेको अविरल वर्षाको कारण प्रदेश नं.-२ का आठ वटै जिल्ला प्रभावित भई कतिपय जिल्लामा जन, धनको क्षति समेत भएको सन्दर्भमा तत्काल उद्धार एवंम् राहत कार्यका लागि आठ वटै जिल्लाका जिल्ला विपद् व्यवस्थापन समितिका अध्यक्ष प्रमुख जिल्ला अधिकारी, जिल्ला प्रशासन कार्यालयको नाममा स्थानीय तहसँग समन्वय गरी उद्धार, राहत कार्यमा खर्च गर्ने गरी मुख्यमन्त्री राहत कोषबाट रु १०,००,०००।- (दश लाख मात्र) का दरले उपलब्ध गराउने ।

२. मिति २०७६।०३।२६ गते रातीदेखी परेको अविरल वर्षाको कारण प्रदेश नं.-२ का आठ वटै जिल्लाका विभिन्न क्षेत्र डुबानमा परी घर बास खाद्यान्न लगायत गुमाउनु परेको जनताहरुलाई तत्काल उद्धार तथा आवश्यक सहयोगका लागि उद्धार सामग्रीहरु रबर बोट एवंम् उद्धार कार्यमा आवश्यकता अनुसार हेलिकप्टर उपलब्ध गराउन नेपाल सरकार प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयमा अनुरोध गर्ने र गृह मन्त्रालयलाई जानकारी गराउने ।

३. मिति २०७६।०३।२६ गते रातीदेखी परेको अविरल वर्षाको कारण बाढीको प्रकोपमा परी मृत्यु भएका नेपाली नागरिकका परिवारलाई मुख्यमन्त्री राहत कोषबाट मृतक प्रति व्यक्ति रु ३,००,०००।०० (तिन लाख मात्र) का दरले आर्थिक सहयोग उपलब्ध गराउने ।

४. मिति २०७६।०३।२६ गते रातीदेखी भएको अविरल वर्षातको कारण हुन गएको जन, धनको क्षति एवंम् हानी नोक्सानीमा सहयोग पुन्याउन सरकारी, गैर सरकारी संघ, संस्थालाई सहयोगको लागि आव्हान गर्ने र अन्तराष्ट्रिय संघ, संस्थाहरुको हकमा परराष्ट्र मन्त्रालय मार्फत सहयोगको लागि अनुरोध गर्ने ।

५. विपद् व्यवस्थापनमा प्रयोग हुने राहत एवंम् उद्धार सामग्रीहरुको यथोचित प्रबन्ध एवंम् मौज्दात राख्न आन्तरिक मामिला तथा कानून मन्त्रालय, प्रदेश नं.-२, जनकपुरधामले उचित व्यवस्थापन मिलाउने ।

प्रदेश सरकार मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय प्रदेश नं. २ जनकपुरधाम, धनुषा

२०७६।३।२८

दीपक सुवेदी
प्रमुख सचिव